## चुमनुव्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ८ मितिः २०७७/०४/०१

## भाग-२

# शिक्षा क्षेत्र विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

**चुमनुव्री गाउँपालिका**
**सिर्दिबास, गोरखा**
**गण्डकी प्रदेश ।**

**प्रस्तावना :**

चुमनुव्री गाउँपालिकाबाट सञ्चालन गरिने शिक्षाक्षेत्र विकास अनुदान कार्यक्रम तथा सञ्चालन प्रक्रियालाई स्पष्ट, पारदर्शी र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले चुमनुव्री गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०७७ ।०३ ।१९ गतेको बैठकबाट यो चुमनुव्री गाउँपालिकाको शिक्षा क्षेत्र विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद - १
## परिभाषा र व्याख्या

### १. संक्षिप्त नाम तथा प्रारम्भः

१) यो कार्यविधिको नाम "चुमनुव्री गाउँपालिकाको शिक्षा क्षेत्र विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ ।

ख) "गाउँपालिका" भन्नाले चुमनुव्री गाउँपालिकालाई जनाउँछ ।

ग) "सभा" भन्नाले चुमनुव्री गाउँपालिकाको गाउँसभालाई जनाउँछ ।

घ) "कार्यपालिका" भन्नाले चुमनुव्री गाउँपालिकाको गाउँकार्यपालिकालाई जनाउँछ ।

ङ) "प्रमुख" भन्नाले गाउँकार्यपालिकाको प्रमुखलाई जनाउँछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ ।

ज) "विद्यालय" भन्नाले गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुलाई जनाउँछ ।

# परिच्छेद - २
# शिक्षा क्षेत्र विकास कार्यक्रम सञ्चालन

## ३. शिक्षा क्षेत्र विकास कार्यक्रम सञ्चालनको लागि बजेट व्यवस्थापनः

(१) गाउँपालिकाले गाउँसभाबाट स्वीकृत विनियोजन ऐन बमोजिम शिक्षाक्षेत्र विकास कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गर्न सक्नेछ ।

## ४. शिक्षा क्षेत्र विकास कार्यक्रममा विनियोजित बजेटको कार्यान्वयन

(१) गाउँसभाबाट शिक्षाक्षेत्र विकास कार्यक्रममा विनियोजन भएको बजेटबाट देहाय बमोजिमका कार्यक्रममा रकम खर्च गर्न सकिनेछ ।

क) चालु प्रकृतिका कार्यक्रमहरुः विद्यालयमा आवश्यक शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता, विद्यालय सञ्चालन खर्च, पाठ्यपुस्तक एवं पाठ्यसामाग्री, छात्रवृति, खाजा खर्च, अतिरिक्त क्रियाकलापहरु, फोहोरमैला व्यवस्थापन, खानेपानी तथा विजुली र शैक्षिक गुणस्तर अभिवृद्धि हुने अन्य चालु प्रकृतिका कार्यक्रमहरु ।

ख) पुँजीगत प्रकृतिका कार्यक्रमहरुः विद्यालयको लागि आवश्यक जग्गाको व्यवस्थापन, भवन निर्माण, शौचालय, पुस्तकालय, डेस्कबेन्च, कम्प्यूटर, हाजिरी मेशिन, प्राविधिक शिक्षा तर्फका विभिन्न पूर्वाधार निर्माण लगायतका शैक्षिक गुणस्तर अभिवृद्धि हुने विभिन्न किसिमका पुँजीगत प्रकृतिका कार्यक्रमहरु ।

२) उपदफा (१) को खण्ड क बमोजिमको चालु प्रकृतिका कार्यक्रमहरुमा विनियोजन भएको बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि गाउँकार्यपालिकाको कार्यालयले सम्बन्धित विद्यालयहरुमा अर्धवार्षिक वा चौमासिकरुपमा निकासा पठाउनेछ ।

३) उपदफा (१) को खण्ड ख बमोजिमको पुँजीगत प्रकृतिका कार्यक्रमहरुमा विनियोजन भएको बजेट तथा कार्यक्रमहरु रकम रु. ५०,००० (पचास हजार) सम्मको भए सम्बन्धित विद्यालयहरुमा उपदफा २ बमोजिम निकासा गरी कार्यक्रम कार्यान्वयन गरिनेछ भने सो भन्दा माथिको रकम भएको कार्यक्रम गाउँकार्यपालिकाको कार्यालय आफैले नियामानुसार कार्यान्वयन गर्नेछ । तर गाउँकार्यपालिकालाई रकम रु. ५०,००० (पचास हजार) भन्दा माथिको कार्यक्रम तथा योजना पनि विद्यालयबाट नै सञ्चालन गर्न

बढी उपयुक्त हुने लागेमा विद्यालयमार्फत नै गराउन पनि सक्नेछ ।

४) गाउँपालिकाबाट विद्यालयहरुमा शिक्षक तथा कर्मचारीहरुको लागि तलबभत्ता वापत रकम विनियोजन भएमा त्यस्तो रकमबाट शिक्षक तथा कर्मचारी करारमा नियुक्ती गर्दा नियमानुसार खुल्ला प्रतिस्पर्धा गराई गाउँपालिकाको प्रतिनिधिको अनिवार्य उपस्थितिमा लिखित परीक्षा तथा अर्न्तवार्ता सञ्चालन गरी नियुक्ती गर्नुपर्नेछ । गाउँपालिकाको प्रतिनिधीको अनुपस्थितिमा परीक्षा सञ्चालन गरी नियुक्ती गरिएको शिक्षक तथा कर्मचारीलाई शिक्षा क्षेत्र विकास कार्यक्रममा विनियोजन भएको बजेटबाट तलबभत्ता भुक्तानी हुने गरी रकम निकासा गरिने छैन।

तर विषयगत शिक्षक नियुक्ति गर्नको निम्ति विद्यालयले खुल्लारुपमा सूचना प्रकाशित गर्दा अध्यापन अनुमति पत्र भएको व्यक्तिहरुबाट कुनै पनि आवेदन नपरेमा पुनः सूचना प्रकाशन गरी न्यूनतम योग्यता पुगेका अध्यापन अनुमतिपत्र नभएका व्यक्तिहरुबाट पनि आवेदन लिई नियमानुसार परीक्षा सञ्चालन गरी शिक्षक करार नियुक्ति गर्न सकिनेछ।

५) गाउँपालिकाको शिक्षा क्षेत्र विकास कार्यक्रमबाट अनुदान प्राप्त रकमबाट हाल विद्यालयमा कार्यरत शिक्षकहरुलाई नै तलबभत्ता व्यवस्थापन गर्नुपर्ने भएमा विद्यालयले विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई वडा शिक्षा समितिको सिफारिस साथ गाउँपालिकामा अनुरोध गरी पठाउनु पर्नेछ । यसरी अनुरोध भई आएमा गाउँशिक्षा समितिको निर्णयानुसार उक्त विद्यालयलाई सो सम्बन्धी अनुमति दिन सकिनेछ ।

६) साविक देखि नै शिक्षण संस्थाहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई प्रोत्साहन गर्ने गरी थप सेवा सुविधाको व्यवस्था गर्नुपर्ने भएमा गाउँकार्यपालिकाको बैठकबाट निर्णय गरे बमोजिम हुनेछ ।

७) शिक्षा क्षेत्रविकास कार्यक्रमबाट उच्च शिक्षा प्रदानगर्ने क्याम्पसहरुको लागि बजेट विनियोजन भएकोमा सम्बन्धित क्याम्पसहरुसँग कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव माग गरी उपदफा (२) र (३) बमोजिम कार्यक्रम सञ्चालन गरिने छ । प्रस्ताव प्राप्त भए पश्चात कार्यक्रम सञ्चालन गर्ने सम्झौता गरी कार्यप्रगतीको आधारमा किस्तागत वा एकमुष्ठगत रुपमा रकम निकाशा गरिनेछ।

८) विद्यालय तथा क्याम्पसहरुले शिक्षा क्षेत्र विकास कार्यक्रमबाट प्राप्त भएको

रकम नियमानुसार सम्बन्धित शिर्षकमा मात्र खर्च गरी सो को लेखापरीक्षण गराई अनिवार्य रुपमा लेखापरीक्षण प्रतिवेदन गाउँशिक्षा समिति र गाउँकार्यपालिकाको कार्यालयमा पेश गुर्नपर्नेछ ।

## परिच्छेद - ३
## विविध

**५. कार्यविधिको व्याख्या:** यो कार्यविधिको अन्तिम व्याख्या गाउँकार्यपालिकाले गर्नेछ।

**६. कार्यविधिमा संशोधन :** यो कार्यविधिका प्रावधानहरूमा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**७. बाधा अडचन फुकाउ :** यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्चन भएमा गाउँशिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्चन फुकाउ गर्नेछ ।

**८. खारेजी र बचाऊ:** यो कार्यविधि स्वीकृत हुनुपूर्व गाउँकार्यपालिकाको कार्यालयबाट शिक्षाक्षेत्र विकास कार्यक्रममा विनियोजित बजेटबाट सञ्चालित कार्यक्रम यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले,<br>
भिमसेन श्रेष्ठ<br>
प्रमुख प्रशासकीय अधिकृत